# जन्तेढुङ्गा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः मितिः२०८२/०९/२८

## भागः२

# विद्यालय छात्रवृति व्यवस्थापन कार्यविधि २०८२

प्रस्तावना : जन्तेढुङ्गा गाउँपालिका भित्र स्थायी बसोबास गर्ने जेहेन्दार, आर्थिक रुपमा कमजोर तथा लक्षित वर्गका विद्यार्थीहरुलाई बाली विज्ञान तथा इन्जिनियरिङ क्षेत्रमा उच्च शिक्षा हासिल गर्न प्रोत्साहन दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को नियम ११(ज).१६ अनुसार यो छात्रवृत्ति व्यवस्थापन कार्यविधि तयार गरिएको हो ।

## परिच्छेद : एक

## संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **"जन्तेढुङ्गा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि जन्तेढुङ्गा गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट बाली विज्ञान र इन्जिनियरिङ अध्ययनका लागि छनौट भएका विद्यार्थीहरुमा लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"अध्यक्ष" भन्नाले जन्तेढुङगा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले जन्तेढुङगा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जन्तेढुङगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

घ) "शिक्षा अधिकृत" भन्नाले जन्तेढुङगा गाउँपालिकाको शिक्षा अधिकृतलाई सम्झनु पर्दछ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा युवा तथा खेलकद शाखा हेर्ने कमर्चारी समेत सम्झनु पर्दछ ।

(ङ) "आर्थिक प्रशासन प्रमुख" भन्नाले जन्तेढुङगा गाउँपालिकाको आर्थिक प्रशासन प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "गाउँपालिका" भन्नाले जन्तेढुङगा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" जन्तेढुङगा गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) "गाउँसभा" भन्नाले जन्तेढुङगा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(झ) "कार्यविधि" भन्नाले जन्तेढुङगा गाउँपालिकाको छात्रवृति व्यवस्थापन कार्यविधि २०८२ लाई सम्झनु पर्दछ ।

(ञ) "छात्रवृति भन्नाले" जन्तेढुङगा गाउँपालिकाबाट प्रदान गरिने तोकिए बमोजिमको छात्रवृतिलाई सम्झनु पर्दछ ।

(ट) "शिक्षा शाखा" भन्नाले जन्तेढुङगा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ठ) "समिति" भन्नाले जन्तेढुङगा गाउँपालिका स्तरीय छात्रवृति समितिलाई सम्झनु पर्छ।

(ड) "विद्यालय" भन्नाले जन्तेढुङगा गाउँपालिका भित्रका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद : दुई

## छात्रवृति सम्बन्धि व्यवस्था

३.बाली विज्ञान अध्ययन छात्रवृति :

(१)जन्तेढुङगा गाउँपालिकाको प्रत्येक वडाबाट एक जना पर्ने गरी जम्मा छ जना वालीविज्ञान अध्ययन छात्रवृत्तीका लागि छनौट गरिनेछ ।

(२) उपदफा १ बाट छनौट भएका विद्यार्थीहरुका लागि १ जना बराबर १० महिनाको रु ४०००/- का दरले बढीमा जम्मा रु ४०,०००/- दिइनेछ ।

४.इन्जिनियरिङ अध्ययन छात्रवृति :

(१) जन्तेढुङगा गाउँपालिकाबाट प्राविधिक शिक्षालयमा ३ वर्षे डिप्लोमा अध्ययन गर्ने ४ जना विद्यार्थीलाई छात्रवृति दिइनेछ ।

(२) उपदफा १ बाट छनौट भएका विद्यार्थीहरुका लागि १ जना बराबर पहिलो वर्ष २३०००/-, दोस्रो वर्ष १७०००/- र तेस्रो वर्ष १७०००/- गरी ३ वर्षको जम्मा रु ५७०००/- दिइनेछ ।

(३) छात्रवृत्ति वैङक खाता मार्फत अभिभावक, विद्यार्थी वा शिक्षालयको नाममा प्रदान गरिनेछ ।

(४) शिक्षण शुल्क बाहेक अन्य सबै शुल्क ( धरौटी समेत ) विद्यार्थी स्वयमले तिर्नुपर्नेछ ।

## परिच्छेद : तीन

## छात्रवृति छनौट व्यवस्थापन सम्बन्धी व्यवस्था

५. छात्रवृति छनौट व्यवस्थापन समिति :

(१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने वाली विज्ञान र इन्जिनियरिङ अध्ययन छात्रवृति सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन,आवश्यक समन्वय एवम व्यवस्थापन समेत गर्न जन्तेढुङ्गा गाउँपालिकामा देहाय बमोजिम एक छात्रवृति व्यवस्थापन समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक सदस्य

(घ) कृषि/प्राविधिक शाखा प्रमुख सदस्य

(ङ) शिक्षा अधिकृत सदस्य सचिव

(२) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य ब्यक्तिलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धि कार्यविधि छनौट समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) छात्रवृत्ति छनौट समितिको काम,कर्तव्य र अधिकार :

(क) छात्रवृत्तिका लागि आवश्यक पर्ने न्यूनतम योग्यता,आवेदनको प्रक्रिया तथा पेस गर्नु पर्ने कागजातको विवरण तयार गर्ने ।

(ख) आवेदकहरुको तथ्याङ्कीय विवरण र पेस गरेका कागजातका आधारमा रुजु गर्ने गराउने ।

(ग) वास्तविक छात्रवृत्ति पाउनु पर्ने विद्यार्थीले पाए नपाएको अनुगमन गर्ने ।

(घ) छात्रवृत्ति पाउने उम्मेद्वारको आफ्नो पासपोर्ट साइजको फोटो सहितको वैयक्तिक विवरण, सम्बन्धित वडाको सिफारिस, अभिभावकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अन्य कागजातहरु समेत खुलाई अनुसूची १ बमोजिमको ढाँचामा पेस भएको निवेदन छानविन गर्ने ।

(ङ) सामुदायिक विद्यालयबाट कार्यप्रगति प्रतिवेदन माग गरी छात्रवृति विवरणको स्थिति विश्लेषण गर्ने ।

(च) गाउँपालिकाबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने गराउने ।

६. समितिको वैठक सम्बन्धि व्यवस्था :

समितिको वैठक आवश्यकता अनुसार बस्नेछ । वैठक संचालन सम्बन्धि कार्यविधि समिति आफैंले तयार गरे वमोजिम हुनेछ ।

## परिच्छेद : पाँच

## छात्रवृत्ति कोष स्थापना तथा योग्यता र छनौट प्रक्रिया

(क) छात्रवृत्ति रकम निकासा : अध्ययनरत विद्यार्थीको निवेदन, सम्झौता पत्र आधारमा सम्बन्धित विद्यार्थीको अभिभाबक, विद्यार्थी वा शिक्षालयको खातामा निकासा दिइनेछ ।

७. योग्यता:

छात्रवृत्तिका लागि आवेदकले देहायका योग्यता पुरा गर्नुपर्नेछ :

(क)जन्तेढुङगा गाउंपालिकाको स्थायी बासिन्दा हुनु पर्ने ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थामा बाली विज्ञान वा इन्जिनियरिङ विषयमा भर्ना भएको वा प्रवेष परीक्षामा नाम निस्किएको हुनु पर्ने ।

(ग) आर्थिक रुपमा विपन्न भएको वडाबाट सिफारिस भएको हुनु पर्ने ।

(घ) अन्य कुनै सरकारी पूर्ण छात्रवृत्ति नलिएको हुनु पर्ने ।

८. आवश्यक कागजात

(क) अनुसूची १ बमोजिमको निवेदन

(ख) वडाको सिफारिस

(ग) बिद्यार्थीको जन्मदर्ताको प्रतिलिपि

(घ) अभिभावकको नागरिकताको प्रतिलिपि

तोकिएको समयमा आवश्यक कागजात सहित निवेदन पेस गर्नुपर्नेछ ।

९. छात्रवृत्ति नपाउने अवस्था :

(क) गलत वा झुठा विवरण पेस गरेमा

(ख) जम्मा विद्यालय वा क्याम्पस खुलेको दिनको पचहत्तर प्रतिशत हाजिरी नभएमा

(ग) प्रचलित कानुन र विद्यालय र क्याम्पसले तयार पारेको आचारसंहिता उल्लघन गरेको प्रमाणित भएमा ।

घ) बिचैमा विद्यालय छोडेमा ।

## परिच्छेद : छ
## विविध

१०. बाधा अड्काउ फुकाउने अधिकार :

यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले आवश्यक निर्यय गर्न सक्नेछ ।

११. संशोधन :

यस कार्यविधिमा आवश्यक परे गाउँकार्यपालिकाले संशोधन गर्न सकिनेछ ।

१३.बचाउ :

यस अघि भएका छात्रवृत्ति वितरण सम्बन्धि भएका सम्पूर्ण कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

| पासपोर्ट साइजको फोटो |
|---|

अनुसूची : १

**निवेदनको ढाँचा**

श्री जन्तेढुङगा गाउँपालिका मिति :

गाउँकार्यपालिकाको कार्यालय

जन्तेढुङगा - ५ चिसापानी खोटाङ

कोशि प्रदेस, नेपाल

विषय : बालीविज्ञान/ इन्जिनियरिङ छात्रवृत्ति कार्यक्रमा सहभागी गराइदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा जन्तेढुङगा गाउँपालिकाबाट प्रदान गर्ने बालीविज्ञान/इन्जिनियरिङ छात्रवृत्ति कार्यक्रममा सहभागि हुन योग्य भएकाले उक्त कार्यक्रमको लागि आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेस गर्दछु ।

१.निवेदकको नाम :

२. ठेगाना : जिल्ला गा.पा. वार्ड नं.

३.बाबुको नाम : पेसा

४. आमाको नाम :

५. सम्पर्क नं.

५. अध्ययन गरिरहेको कक्षा : विषय :

संलग्न कागजातहरु :

(क) अनुसूची १ वमोजिमको निवेदन

(ख) वडाको सिफारिस

(ग) बिद्यार्थीको जन्मदर्ताको प्रतिलिपी

(घ) अभिभावकको नागरिकताको प्रतिलिपि

माथि उल्लेखित व्यहोरा ठिक साँचो हो फरक परेमा कानुन वमोजिम सहुँला बुझाउला ।

विद्यार्थीको हस्ताक्षर :

अभिभाबकककको हस्ताक्षर :

राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०८२ साल ९ महिना २८ रोज २ शुभम्

आज्ञाले

सुमन गुरागाई

प्रमुख प्रसाशकिय अधिकृत